मर्चवारी गाउँपालिका

स्थानीय राजपत्र

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति: | २०७९/०६/२६ |

# भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर., स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

# भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि – २०७९

पृष्ठभूमि,

भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोगले नेपालको पशुपालन व्यवसायमा वर्षेनी ठूलो आर्थिक नोक्सानी पुर्याउँदैआएको छ । यी रोगहरुलाई अंग्रेजीमा क्रमशः एच एस तथा वि क्यु र फुट एण्ड माउथ डिजिज भन्ने नामबाट चिनिन्छ । भ्यागुते रोग पास्चुरेल्ला मल्टोसिडा, चरचरे रोग क्लसढीडियम चौभाई जीवाणुको कारणबाट र खोरेत विषाणुको कारणबाट गाई.भैसी मा संक्रमण भई उच्च मृत्यु दर हुने गरेको पाइएको छ । पशुहरुमा संक्रामक महामारीको रुपमा देखा परि पशु तथा पशु जन्य उत्पादनमा कमि आई कृषकहरुलाई ठूलो क्षति पुर्याउने गरेको सन्दर्भमा यस मर्चवारी गाउँपालिका अन्तर्गतका पशुपालक कृषकहरुका पशुहरुमा निःशुल्क रुपमा खोप कार्यक्रम कार्यन्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ खण्ड ण (३) संग सम्बन्धित कार्यको लागि सोहि ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्याविधि २०७९ रहेको छ ।

ख. यो ऐन मर्चवारी गाउँपालिकाको कार्यालयबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

२. कार्यक्रम सन्चालनको उद्देश्य :

क. यस गाउँपालिका भरि भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोग बिरुद्ध खोप कार्यक्रम संचालन गर्ने ।

ख. भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोगको महामारी देखा परेको अवस्थामा तत्काल रोग निदान गरि अन्यत्र फैलिन नदिन खोप कार्यक्रम संचालन गर्ने तथा रोग

गया प्रसाद बरई
अध्यक्ष

नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालाहरुलाई समेत जिम्मेवारी सहित स्वतस्फुर्त रुपमा परिचालन गर्ने गराउने ।

ग. रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतिलाई न्यूनीकरण गरि पशु तथा पशुजन्य उत्पादनमा वृद्धि गरि राष्ट्रिय ग्राहस्थ उत्पादनमा टेवा पुर्याउने ।

घ. भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोगको नियन्त्रण गर्न जनचेतनामा अभिवृद्धि गर्ने ।

# परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया

३. कार्यक्रम संचालन र कार्यान्वयन

क. नर्चवारी गाउँपालिकाको पशु सेवा शाखाले सबै वडाहरुमा खोप कार्यक्रमहरु संचालन गर्नेछ ।

ख. खोप लगाउने कार्यक्रम प्रथम चौमासिकको अन्त्य देखि दोस्रो र तेस्रो चौमासिकमा सम्पन्न गरिने छ ।

ग. खोपको गुणस्तर कायम राख्न खोपलाई घामको प्रकाशबाट जोगाई चिसो कोठामा संचय गरि खोप लगाउने कार्य विहान र बेलुकीको समयमा गर्नुपर्ने छ ।

घ. खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गरिने छ । जुनसुकै सिरिन्ज प्रयोग गरिए पनि प्रत्येक पशुको लागि छुट्टाछुट्टै निडिल प्रयोग गर्नु पर्नेछ ।

ङ. भ्याक्सिनेसन गरेको विवरण खुल्ने फारममा सम्बन्धित वडा कार्यालयका वडाध्यक्ष वा अन्य प्रतिनिधि बाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरिएको प्रतिवेदन संलग्न हुनुपर्नेछ ।

गया प्रसाद
अध्यक्ष

## परिच्छेद ३
## कार्यक्रम अनुगमन तथा मुल्यांकन

४. कार्यक्रम अनुगमन र मुल्यांकन :

यस कार्यक्रमको अनुगमन र मुल्यांकन मर्चवारी गाउँपालिकाबाट हुनेछ ।

## परिच्छेद ४
## आर्थिक कार्यविधि

५. आर्थिक सम्बन्धि व्यवस्था :

क. खोप कार्यक्रम संचालनका लागि आवश्यक पर्ने आवश्यक खोप सामाग्रीहरु यस मर्चवारी गाउँपालिकाको सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही खरिद गरिने छ ।

ख. यसरी कार्यक्रम संचालन गर्दा मर्चवारी गाउँपालिकाको पशु सेवा शाखाको समन्वयमा प्रमुख प्रशासकीय अधिकृत ले पशु प्राविधिकहरुलाई भ्याक्सिनेटरको रुपमा परिचालन गरिने छ । यसरि खटाईएका भ्याक्सिनेटर हरुलाई यस गाउँपालिकाले गाईभैसी र बंगुर लाई खोप लगाए वापत प्रति खोप रु.२०/(बिस रुपैया) र भेडाबाख्राहरूमा खोप लगाए वापत प्रति खोप रु १०/(दश रुपैया) का दरले सेवा शुल्क प्रदान गरिनेछ ।

ग. खोप संचालनमा सवारी इन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रुपमा भरि सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत गर्नुपर्ने छ ।

## परिच्छेद ५
## विविध

६. प्रचलित कानुन लागू हुने :

भ्यागुते, चरचरे, खोरेत, पि.पि.आर.,स्वाइन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन सम्बन्ध मा यस कार्यविधिमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएको खण्डमा प्रचलित कानुन बमोजिम हुनेछ ।

मया प्रसाद हरई
अध्यक्ष

७. कार्यक्रम संशोधन तथा खारेजी :

मर्चवारी गाउँपालिकाले पशु सेवा शाखाको सिफारिसमा यो कार्यविधिको संशोधन तथा खारेजी गर्न सक्ने छ ।

८. यसै कार्यविधि बमोजिम भए गरेको मानिने:

यस अघि यस गाउँपालिकाबाट गाउपालिकाभरिमा रहेका बाख्रा तथा पशुहरुलाई लगाईएको खोपहरु समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

९ बाधा अड्चन फुकाउने :

क.यस कार्यविधि कार्यान्वयनमा कुनै किसिमको बाधा अड्चन परे मर्चवारी गाउँपालिकाको निर्णय मान्य हुने छ ।

ख. कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

ग. माथि जेसुकै लेखिएता पनि तोकिएकोमा सोहि अनुसार र नतोकिएकोमा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

गया प्रसाद बरई
अध्यक्ष